# सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र

## हलचोक, काठमाण्डौ

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०६६/१०/१० गते ।

आर्थिक वर्ष २०६६।०६७ मा सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र अन्तरगतका फ्यूल स्टेसनहरुको निमित्त आवश्यक भएको टयाकंरको लागि ट्रकको चेसिस थान २ (दुई) सिलवन्दी वोलपत्रको माध्यमवाट आपूर्ति गर्न पर्ने भएको हुंदा देहायका शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न :-**

| सि.नं. | सामानको बिवरण | परिमाण |
|---|---|---|
| १ | ट्रकको चेसिस | थान २ (दुई) |

१. बोलपत्र सम्बन्धी कागजातहरु स.प्र.बल कल्याणकारी सेवा केन्द्र,हलचोक काठमाण्डौंबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र रु.१,०००।- नगदै तिरी खरिद गर्न सकिने छ र सिलबन्दी वोलपत्र दाखिला यस सेवा केन्द्रमा ३१ औं दिनको १२:०० बजे भित्र दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका सिलबन्दी बोलपत्रहरु सोही दिनको १४:०० बजे यस सेवा केन्द्रको प्रागंणमा खोलिनेछ । दर्ता तथा खोल्ने दिन कारणबस सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्य सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही स्थान र समयमा गरिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

२. सिलबन्दी बोलपत्रको सुरक्षण बापत सिलबन्दी बोलपत्रसाथ कुल बोल अंक मु.अ.कर सहितको २.५% ईजाजत प्राप्त वाणिज्य वैकंवाट जारी भएको बोलपत्र जमानत पेश गर्न पर्ने छ । बोलपत्र जमानत खोलीने दिनबाट कम्तीमा १२० दिन म्याद भएको वा नगद धरौटीको हकमा यस सेवा केन्द्रको रा.बा.बैंक कलंकी स्थीत धरौटी खाता नं. १७५०००१६९४०१ मा नगदै दाखिला गरेको सक्कलै बैंक भौचर समेत वोलपत्रसाथ संलग्न भएको हुन पर्नेछ ।

३. बोलपत्रसाथ फर्म/कम्पनी दर्ता, मु.अ.कर दर्ता प्रमाण-पत्र र स्थायी लेखा दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, आ.ब.२०६५।६६को कर चुक्ता प्रमाण-पत्र पेश गर्न पर्नेछ र बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजायँ नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र समेत समावेश गरेको हुनुपर्नेछ ।

४. कबोल दररेट अंक र अक्षरमा प्रष्ट उल्लेख गरी प्रति इकाई मूल्य खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ , साथै वोलपत्र सम्वन्धी कागजात र यस सेवा केन्द्रवाट माग गरिएको कागजातहरु समेत एउटै खाममा आफुले आपूर्ति गर्ने सामानको नाम, फर्मको नाम, ठेगाना, सम्पर्क फोन नम्बर र सेवा केन्द्रको नाम स्पष्ट रुपमा खुलाई पेश गर्नुपर्नेछ ।

५. स-शर्त पेश गरेको वोलपत्र मान्न कार्यालय वाध्य हुने छैन ।

६. सामानको स्पेशिफिकेशन, बोलपत्रदातालाई निर्देशन, सामान्य शर्त र विशेष शर्तहरु समेत बोलपत्र सम्वन्धी कागजातमा उपलब्ध गराईनेछ ।

७. बोलपत्र सम्बन्धी कागजातमा कुनै संशोधन वा हेरफेर गर्न पर्ने भएमा सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराईने छ ।

८. यो सूचना सशस्त्र प्रहरी बलको Website: www.apf.gov.np मा समेत उपलब्ध छ ।

९. यस बाहेक अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र फोन नं. ०१-२०९२०१६ मा सम्पर्क राखी बुझ्न सकिने छ ।